मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क: ०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १४० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ जेठ १९ गते सोमबार ❑ 2 June 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## मनसुनजन्य विपद्को पूर्वतयारी चुस्त बनाउन स्थानीय तहलाई सरकारको परिपत्र

**रासस**
काठमाडौं, १८ जेठ

सरकारले गृह मन्त्रालयबाट जारी भएको मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना २०८२ कार्यान्वयन गर्दै मनसुनजन्य विपद्को पूर्वतयारीलाई चुस्त बनाउन देशभरका पालिकालाई परिपत्र गरेको छ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत राष्ट्रिय कार्ययोजना, २०८२ को छायाँप्रति साथमा राखेर सबै महानगरपालिका,उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकालाई परिपत्र गरेको हो।

मन्त्रालयका शाखा अधिकृत सन्तोषकुमार खत्रीले यस वर्षको मनसुनमा अत्यधिक वर्षा हुने प्रक्षेपण भएकाले मनसुनजन्य विपद् न्यूनीकरणका लागि उल्लिखित कार्ययोजनामा स्थानीय तहको जिम्मेवारीभित्र पर्ने विषयमा मनसुन पूर्वतयारी तथा प्रतिकार्यसम्बन्धी कार्य कार्यान्वयन गर्न र गराउन भन्दै परिपत्र जारी गरिएको बताउनुभयो। स्थानीय तहलाई पालिकास्तरीय मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी लागू गर्न र त्यसको जानकारी मन्त्रालयलाई गराउन, स्थानीय समुदायलाई मनसुनजन्य विपद्प्रति जागरुक बनाउन तथा जनचेतना अभिवृद्धि गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न भनिएको खत्रीले उल्लेख गर्नुभयो।

परिपत्रमा मनसुनजन्य विपद्को अवधिमा आवश्यक पर्ने खोज, उद्धार तथा राहत सामग्रीहरूको व्यवस्थापन तथा प्रतिकार्यका लागि नगर प्रहरीलाई आवश्यक साधनस्रोतसहित तयारी अवस्थामा राख्न र पालिकामा रहेका स्वयंसेवकहरू परिचालन गर्न पनि भनिएको छ।

यस्तै, पूर्वतयारी तथा प्रतिकार्यका लागि सरकारी, गैरसरकारी, निजी तथा मानवीय क्षेत्रमा कार्य गर्ने सङ्घसंस्था, स्थानीय समुदाय तथा स्वयंसेवकहरूसँग सहकार्य र समन्वय गर्न तथा मनसुन अगावै सहर, बस्तीका ढल सफा गर्न, खोला नालामा थुप्रिएका गेग्रयान हटाउन तथा पानी निकास खोल्न पनि अनुरोध गरिएको छ।

स्थानीय आपत्कालीन कार्य सञ्चालन केन्द्रलाई सक्रिय बनाई प्रभावकारी मनसुन प्रतिकार्यका लागि पालिकास्तरमा मनसुन प्रतिकार्य 'कमान्ड पोष्ट' स्थापना गरी प्रभावकारी सञ्चालन, मनसुन पूर्वसूचना प्रणालीको विकास तथा मनसुनका समयमा हुने कालोबजारी, कृत्रिम अभाव र आपराधिक घटना नियन्त्रणमा सक्रिय हुन पनि भनिएको छ।

## यातायात व्यवसायीलाई वार्तामा आउन आह्वान

**पोखरापत्र संवाददाता**
पोखरा, १८ जेठ

गण्डकी प्रदेश सरकारले आन्दोलनरत यातायात व्यवसायीलाई वार्तामा आउन पुनःआह्वान गरेको छ।

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले आइतबार पत्रकार सम्मेलन गर्दै यातायात व्यवसायीका मागका सन्दर्भमा छलफल गरी निकास निकाल्न वार्ताका लागि आह्वान गरेको हो। 'राइड सेयरिङ'लाई वैधानिकता दिएको विरोधमा सार्वजनिक यातायात बन्द गरेका यातायात व्यवसायीलाई यसअघि बुधबार वार्तामा बोलाइएकामा उनीहरू वार्तामा आएका थिएनन्। यातायात व्यवसायीसँग छलफलका लागि यातायात मन्त्रालयका सचिवको संयोजकत्वमा अधिकार सम्पन्न पाँच सदस्यीय वार्ता टोली गठन गरिसकिएको पत्रकार सम्मेलनमा जानकारी गराइयो। प्रदेश सरकारले जारी गरेको काननुनबाट कुनै पनि पक्षलाई असर पर्न गएको अवस्थामा त्यस सम्बन्धमा खुला छलफल गर्न प्रदेश सरकार सधैं तयार रहेको प्रदेश सचिव एवं वार्ता समिति संयोजक इञ्जिनियर कमलकुमार अधिकारीले बताउनुभयो। यस्ता समस्याको निराकरण छलफलका माध्यमबाट नै हुने कुरामा प्रदेश सरकार विश्वस्त रहेको बताउँदै उहाँले हाल भइरहेका बन्द हडतालका कार्यक्रम स्थगित गरी वार्तामा आउन आग्रह गर्नुभयो। यसअघि नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घ, नेपाल यातायात स्वतन्त्र मजदुर सङ्घ, नेपाल यातायात मजदुर सङ्घ, अखिल नेपाल यातायात मजदुर सङ्घ, सार्वजनिक यातायात केन्द्रीय महासङ्घ र एकीकृत ट्रेड युनियन महासङ्घ गण्डकीलगायतका आठ सङ्गठनले संयुक्त रूपमा पत्रकार सम्मेलन गरी १७ बुँदे मागपत्र सार्वजनिक गरेका छन्।

मागहरूमा निजी सवारीसाधनलाई सार्वजनिक सवारी साधनसरह यात्रु ओसारपसार गर्न दिने व्यवस्था खारेज गर्नुपर्ने, सार्वजनिक सवारीसाधनको आयु सीमा हटाउनुपर्ने, राइड सेयरिङ सेवालाई कानुनी मान्यता दिन नहुनेलगायत विषय छन्। सावर्जनिक यातायात बन्दका कारण यही जेठ १६ गतेदेखि गण्डकी प्रदेशमा सर्वसाधारण समस्यामा परेका छन्।

## बन्द र हड्लातलाई माग पूरा गराउने साधन नबनाउन पोखरा उद्योग वाणिज्य संघको आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, १८ जेठ

पोखरा उद्योग वाणिज्य संघले आफ्ना माग पूरा गराउन बन्द र हड्तालालाई साधन नबनाउन आग्रह गरेको छ। संघले वार्ताकै माध्यमबाट गतिरोधको अन्त्य गर्न सम्बन्धि पक्षलाई अनुरोध पनि गरेको छ।

गण्डकी प्रदेश सरकारबाट राइड सेयरिङलाई व्यवस्थित र नियमन गर्न जारी 'राइड सेयरिङसबन्धी नियमावली २०८२' को विरुद्धमा यातायात व्यवसायी राष्ट्रिय महासंघले आह्वान गरेको विरोधका कार्यक्रम र सार्वजनिक यातायात अवरुद्ध पारिएपछि संघले आइतबार विज्ञप्तिमार्फत् सो आग्रह गरेको हो। संघका उपमहासचिव सुदीप प्रधानाङ्गद्वारा जारी विज्ञप्तिमा संघ सदैव बन्द र हड्तालको विरुद्धमा रहँदै आएको स्मरण गर्दै भनिएको छ,'हामी हरेक प्रकारका बन्द र हड्तालका कार्यक्रमको सख्त बर्खिलापमा छौं। एक दिनको बन्द र हड्तालले अर्थतन्त्रमा ६ अर्ब रुपैयाँभन्दा बढीको क्षति हुने गरेको आँकडालाई कसैले पनि नजरअन्दाज गर्न मिल्दैन भन्ने हाम्रो मान्यता रहेको छ। आफ्नो पेशा/व्यवसायको सुरक्षाको माग नाजायज हैन तर बन्द र हड्तालालाई त्यस्ता माग पूरा गराउने साधन बनाइन हुँदैन।'

संघले गण्डकी प्रदेश सरकारले ल्याएको राइड सेयरिङ नियमावलीको स्वागत गरेको छ भने प्रविधिलाई रोक्न नमिल्ने आफ्नो धारणा पनि प्रष्ट पारेको छ। 'सूचना-प्रविधिको विकास र यसले खोलेका सम्भावनाका नयाँ आयामहरुलाई रोक्न सकिँदैन/मिल्दैन। राइय सेयरिङ सूचना-प्रविधिले दिएको अर्को अवसर र सुविधा हो भन्ने हाम्रो ठम्याइ रहेको छ। विभिन्न विकसित राष्ट्रमा वैधानिक तरिकाले निर्वाध संचालनमा आएको राइड सेयरिङलाई कानूनी दायरामा ल्याइ नियमन गर्नु स्वागतयोग्य कदम हो,' विज्ञप्तिमा भनिएको छ, 'यसले रोजगारी सिर्जना, राजश्व वृद्धि र युवा पलायन रोक्न पनि उत्तिकै योगदान दिन्छ भन्नेमा हामी प्रष्ट छौं। यसर्थ, पोखरा उद्योग वाणिज्य संघ गण्डकी प्रदेश सरकारले ल्याएको 'राइड सेयरिङसबन्धी नियमावली २०८२' लाई हार्दिक स्वागत गर्दछ। नियमावलीले संचालनमा रहेका राइड सेयरिङलाई व्यवस्थित र सुरक्षित बनाउने हाम्रो अपेक्षा रहेको छ।' संघले निजी क्षेत्रको ठूलो लगानी रहेको सार्वजनिक यातायात क्षेत्रलाई नजरअन्दाज नगर्न र यसमा भएको लगानीको सुरक्षाप्रति गम्भीर बन्न संघीय तथा प्रदेश सरकारसँग अनुरोध पनि गरेको छ। र्वजनिक यातायात संचालन राज्यको दायित्व भए पनि नेपालमा यसको जिम्मेवारी लामो समयदेखि निजी क्षेत्रले नै लिँदै आएको तथ्य मनन गर्दै विज्ञप्तिमा भनिएको छ, 'स्वतन्त्रतापूर्वक व्यवसाय गर्न पाउने संवैधानिक अधिकार उपभोग गर्दै संचालित सार्वजनिक सेवालाई भरपर्दो, यात्रुमैत्री तथा सर्वसुलभ बनाउन राज्यले सहजीकरण र प्रोत्सहित गर्नैपर्छ। निजी क्षेत्रको लगानीको सुरक्षणको जिम्मेवारीबाट राज्य पन्छन मिल्दैन। जहाँसम्म राइड सेयरिङले सार्वजनिक यातायात क्षेत्र तहस-नहस पार्ने यातायात व्यवसायीको तर्क छ, त्यो विषयलाई राज्यले गम्भीरतापूर्वक लिनुपर्छ/वास्तविकता के हो भन्ने प्रष्ट पार्नुपर्छ।'

विज्ञप्तिमा वर्तमानमा देखिएको गतिरोध अन्त्यका लागि पोखरा उद्योग वाणिज्य संघ सहजीकरणका निम्ति तयार रहेको पनि उल्लेख छ।

## प्रदेश अस्पताल पचास शैयामा स्तरोन्नति गरिँदै

**पोखरापत्र संवाददाता**
पोखरा, १८ जेठ


जिल्ला सदरमुकामस्थित प्रदेश अस्पताल दमौलीलाई ५० शयूयामा स्तरोन्नति गर्ने प्रदेश सरकारले निर्णय गरेको छ। केही दिनअघि बसेको प्रदेशस्तरीय मन्त्रिपरिषद् बैठकले अस्पतालको स्तरोन्नति गर्ने निर्णय गरेको हो।

हाल दमौली अस्पताल १५ शयूयामा सञ्चालन भइरहेकामा सरकारले स्तरोन्नति गर्ने निर्णय गरेसँगै सोहीअनुसार दरबन्दी थप हुने अस्पतालका प्रमुख डा परिवर्तन बरालले जानकारी दिनुभयो। उहाँका अनुसार १५ शयूया स्वीकृतिको अस्पतालले हाल ५४ शयूयामा सेवा दिइरहेको छ।

अस्पतालमा सर्पदंश केन्द्र, रक्तसञ्चार केन्द्रको क्षमता वृद्धि, फोहरमैला व्यवस्थापन, डायलासिस सेवाको क्षमता वृद्धिका साथै अस्पताललाई ट्रमा सेन्टरका रूपमा विकास गर्नुपर्ने आवश्यकता रहेको डा बरालले बताउनुभयो। उहाँले भन्नुभयो, "बढ्दो सहरीकरणसँगै अस्पतालमा सेवाग्राहीको चाप बढ्दो छ, हाल भइरहेको जनशक्ति र क्षमताले सेवा प्रवाहमा कठिनाइ


बाँकी अन्तिम पृष्ठमा ▶▶







## हड्तालको समस्या वार्ताबाट मिलाउन होटल संघको र पोखरा पर्यटन परिषद्को आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, १८ जेठ

होटल संघ पोखरा नेपालले गण्डकी प्रदेशमा जारी सार्वजनिक यातायात सेवामा गरिएको हड्तालका कारण पर्यटक र समग्र यात्रु वर्गले दुःख खेप्नु परेको भन्दै वार्ताका माध्यमबाट समस्या समाधान गर्न सम्वन्धित पक्षसँग माग गरेको छ।

संघका अध्यक्ष लक्ष्मण सुवेदीले आइतबार जारी गरेको विज्ञप्तिमा सरकार र यातायात व्यवसायी वार्तामा बसेर समस्या समाधान गर्न र यातायात सेवालाई सुचारु गर्न अनुरोध गरिएको छ। विज्ञप्तिमा भनिएको छ- 'व्यवसायीका तर्फबाट जेजस्ता मागहरु राखेर आन्दोलन गरिए पनि सरकार र व्यवसायी वार्ताका माध्यमबाट एउटा निश्कर्षमा पुगी सार्वजनिक यातायात सेवालाई सुचारु गर्ने वातावरणका लागि सम्वन्धित सबै पक्षलाई हामी हार्दिक अनुरोध गर्न चाहन्छौं।'पर्यटन व्यवसायीले विगतदेखि नै बन्द र हड्तालको विपक्षमा आवाज उठाउँदै आएको र बन्द तथा हड्तालका कारण पर्यटन क्षेत्र नकारात्मक रुपमा प्रभावित हुने विषय उल्लेख गर्दै संघले बन्द हड्तालले देशविदेशमा सकारात्मक सन्देश नजाने उल्लेख गरेको छ।

पर्यटनका लागि सहज पहुँच र यातायात अनिवार्य शर्त भए पनि विगत तीन दिन देखि गण्डकी प्रदेश क्षेत्रमा सार्वजनिक यातायातका साधन संचालन हुन सकेका छैनन्। गण्डकी प्रदेश सरकारले ल्याएको राइड सेयरिङ नियमावली खारेजी लगायतका मागहरु राखेर यातायात व्यवसायी र सम्वन्धित मजदूरका तर्फबाट अगाडि बढाइएको आन्दोलनको प्रत्यक्ष मारमा यात्रु वर्ग पर्नु दुःखको कुरा भएको संघले जनाएको छ। पोखरालाई पर्यटनको राजधानी घोषणा गरिएको, पोखराले अहिले भ्रमण वर्ष २०२५ मनाउँदै गरेको र अन्नपूर्ण प्रथम हिमाल आरोहणको हिरक महोत्सव समेत मनाउने संघारमा गरिएको यातायात हड्तालको समस्या समाधानको उपाय वार्ता नै भएको अध्यक्ष सुवेदीले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ। यसैगरी पोखरा पर्यटन परिषद्ले पर्यटक सवारी साधनहरूलाई निर्वाध रुपमा सञ्चालन गराउन सम्बद्ध सबै पक्षसँग आग्रह गरेको छ।

परिषद्का अध्यक्ष तारानाथ पहारीले आइतबार विज्ञप्ति जारी गर्दै पर्यटन राजधानी पोखरा र गण्डकी प्रदेशमा हालै पर्यटक सवारी साधनहरुको संञ्चालनका क्रममा भएको अवरोधहरूप्रति ध्यानाकर्षण गराउँदै बन्द हड्तालमा पनि पर्यटक सवारीसाधनहरुलाई निर्वाध रुपमा सञ्चालन गर्ने वातावरण सृजना गर्न सार्वजनिक यातायात बचाउ सङ्घर्ष समिति र सबै पक्षसँग आग्रह गर्नुभएको हो।

यस्ता अवरोधहरूले गण्डकी प्रदेशको समग्र पर्यटन व्यवसायमा असर पार्नुका साथै आन्तरिक तथा बाह्य पर्यटकहरुमा नकरात्मक सन्देश प्रवाह हुने खतरा बढ्ने भन्दै विज्ञप्तिमा पर्यटन क्षेत्र नेपालको समृद्धिको मुख्य आधारमध्ये एक भएको र यसलाई व्यवस्थित एवं सुरक्षित बनाउनु सरोकारवालाहरुको साझा दायित्व भएको भनिएको छ। बन्द नै समाधान नभएको भन्दै परिषदले सबै सरोकारवाला निकायहरू प्रति गम्भिर ध्यानाकर्षण सहित शान्तिपूर्ण, व्यवस्थित र पर्यटकमैत्री वातावरण निर्माण गर्न आग्रह गरेको छ।

# एक्सपर्ट एजुकेसन अन्तर विद्यालय छात्र टि–२० क्रिकेट प्रतियोगिता : डायमण्ड र प्रतिभाको बिजयी शुरुवात

पोखरापत्र संवाददाता
पोखरा, १८ जेठ

पोखरामा जारी एक्सपर्ट एजुकेसन अन्तर विद्यालय छात्र टि–२० क्रिकेट च्याम्पियनसीपमा डायमण्ड सेकेण्डरी स्कुल र प्रतिभा माविले बिजयी शुरुवात गरेका छन् ।

पोखराको लेखनाथस्थित ईडेन गार्डेन क्रिकेट मैदानमा आईतबार भएको खेलमा डायमण्डले रत्न ज्योति सेकेण्डरी र प्रतिभा माविले कुमुदिनी होम्सलाई पराजित गर्दै प्रतियोगितामा सुखद शुरुवात गरेका हुन् । आईतबार भएको पहिलो खेलमा वर्षाका कारण १५ ओभरमा घटाइएको खेलमा डायमण्ड सेकेण्डरीले रत्न ज्योति सेकेण्डरीलाई २ विकेटले पराजित गर्न सफल भयो । टस जितेर डायमण्डले फिल्डिङ रोजेपछि ब्याटिङमा आएको रत्न ज्योतिले पूरै विकेट गुमाएर ८३ रन बनाएको थियो । रत्न ज्योतिका लागि सुवल साहले ३५ बलमा २३ रन र अभिषेक पौडेलले १८ बलमा १६ रन हानेर सम्मानजनक स्कोर बनाउन सफल भयो । रत्न ज्योतिलाई कम स्कोरमा समेट्न डायमण्डका मिलन पौडेलले ३ ओभरमा १५ रन खर्चेर २ विकेट तथा अविरल क्षेत्रीले ३ ओभरमा ९ रन खर्चेर २ विकेट हत्याए ।




८३ रनको सामान्य लक्ष्य पाएको डायमण्डले १४.५ ओभरमा ८ विकेटको नोक्सानीमा लक्ष्य भेट्टायो । उसका लागि सविन थापाले १६ बलमा १६ रन तथा जेनिस आलेले १७ बलमा १४ रनको योगदान दिए । डायमण्डलाई दवाबमा राख्ने क्रममा रत्न ज्योतिका प्रतीक सुवेदीले ३ ओभरमा १७ रन खर्चेर ४ विकेट हत्याएपनि टिमलाई जिताउन असफल भए । खेलमा प्लेयर अफ दी म्याच डायमण्डका अविरल क्षेत्री घोषित भए । दोस्रो खेलमा प्रतिभा माविले कुमुदिनी होम्सलाई एक सय रनको फराकिलो अन्तरले पराजित गर्‍यो । टस जितेर पहिले ब्याटिङ गरेको प्रतिभा माविले १६ ओभरमै २ विकेटको क्षतिमा २११ रनको विशाल योगफल तयार गर्‍यो । निर्धारित २० ओभरको खेलमा १६ ओभरमै विशाल योगफल बनाएपछि वर्षाका कारण खेल रोकिन सक्ने डरले त्यसपछिको ४ ओभर प्रतिभाले नखेल्ने घोषणा गर्‍यो । प्रतिभाका लागि विशाल योगफल तयार गर्ने क्रममा सफल श्रेष्ठले ६१ बलमा १२० रनको शतकीय पारी खेले । त्यस्तै, साबुद्धिन नेपालले २८ बलमा ५१ रनको अर्ध शतकीय योगदान दिए । कुमुदिनी होम्सका विद्वान देवकोटाले ४ ओभरमा ४१ रन खर्चेर २ विकेट हत्याएपनि प्रतिभालाई ठूलो स्कोर बनाउनबाट रोक्न सकेनन् ।

२११ रनको विशाल लक्ष्य पछ्याएको कुमुदिनी होम्स १६.५ ओभरमा सबै विकेट गुमाएर १११ रनमा सिमित भएपछि प्रतिभा एक सय रनले बिजयी भएको हो । कुमुदिनी होम्सका लागि रोहितराज साहले २४ बलमा ३० रन तथा श्रवण कुँवरले १६ बलमा ११ रन बनाएपनि जितका लागि पर्याप्त भए । कुमुदिनीलाई कम स्कोरमा रोक्ने क्रममा प्रतिभाका मिसन विकले ३ ओभरमा एक ओभर मेडन राख्दै ११ रन खर्चेर ३ विकेट तथा अनुज अधिकारीले ५ बलमा ५ रन खर्चेर २ विकेट हतयाए । सो खेलमा प्लेयर अफ दी म्याच प्रतिभाका सफल श्रेष्ठ घोषित भए । प्रतियोगिता अन्तर्गत सोमबार कुमुदिनीबिरुद्ध जुनियर सिटिजन एकेडेमी तथा त्रिवेणी पब्लिक स्कुलबिरुद्ध मदरल्याण्ड सेकेण्डरी प्रतिष्पर्धामा उत्रिनेछन् ।

# डुंगा दौड प्रतियोगितामा पुरुषतर्फ फेवा हर्पन सहकारी र महिलातर्फ ताल पारी समूह प्रथम

पोखरापत्र संवाददाता
पोखरा, १८ जेठ

नेपाल पर्यटन बोर्ड, गण्डकी प्रदेशको आयोजना तथा फेवा डुंगा व्यवसायी संगठनको व्यवस्थापनमा पोखराको फेवातालमा आइतबार सम्पन्न दोस्रो राष्ट्रिय खुल्ला डुंगा दौड प्रतियोगितामा पुरुषतर्फ हर्पन सहकारी संस्थाको 'बी' टोली तथा महिलातर्फ ताल पारी 'बी' प्रथम भएका छन् ।

पुरुषतर्फ बाराही डुंगा घाटले दोस्रो, स्विमिङपुल घाटले तेस्रो तथा फिस्टेल घाटले सान्त्वना स्थान हाँसिल गरे । महिलातर्फ गौरीघाटले दोस्रो पहरीघाटले तेस्रो तथा जलारी दिदी बहिनी समुहले सान्त्वना स्थान हाँसिल गरे । प्रतियोगितामा महिला र पुरुष दुवैतर्फ प्रथम हुने टिमले नगद ४० हजार, द्वितियले नगद ३० हजार, तृतियले नगद २० हजार तथा सान्त्वना स्थान हाँसिल गर्ने टिमले नगद १० हजार सहित ट्रफि, मेडल, प्रमाण–पत्र पुरस्कार प्राप्त गरेका छन् । उनीहरुलाई एक समारोहका विच पुरस्कार वितरण गरियो । गण्डकीप्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले बाराही घाटमा आयोजित समारोहमा



प्रतियोगिताको उद्घाटन गर्नुभएको थियो । सो अवसरमा मुख्यमन्त्री पाण्डेले पोखराको पर्यटन प्रवर्द्धनका लागि फेवातालको संरक्षणमा जोड दिनुभयो । कार्यक्रमका विशेष अतिथि पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले फेवाताल पर्यटकिय राजधानी पोखराको प्रमुख गहना र मुख्य पहिचान भएको बताउनुभयो । फेवा डुंगा व्यवसायी संगठनका अध्यक्ष बलराम गिरीले फेवातालको बिगत, वर्तमान अवस्थाको बारेमा अवगत गराउँदै फेवातालको महत्व बुझाउन पनि यो प्रतियोगिता आयोजना गरिएको बताउनुभयो । फेवातालमा हुन सक्ने भवितब्य घटनाबारे सचेतनामुलक जानकारी दिने कार्यक्रमको अर्को उद्येश्य रहेको गिरीको भनाई थियो ।

सो अवसरमा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका बरिष्ठ अधिकृत सागर श्रेष्ठले फेवातालका बारेमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा प्रचार प्रसार गर्ने तथा पोखरामा पर्यटक भित्र्याउँदै पोखराको पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यका साथ यो प्रतियोगिता आयोजना गरिएको जनाउनुभयो । समारोहमा बोल्दै महिला सञ्जाल पोखरा ६ का अध्यक्ष बविता मल्लले यस्ता कार्यक्रमले पोखराको आर्थिक चलायमान बन्ने बताउनुभयो ।

समापन समारोहमा प्रतियोगितालाई सफल पार्न सहयोग गरेका प्राविधिक संयोजक राजन पौडेल, खेम गुरुङ, आविस्कार हस्पिटल लगायतलाई मायाको चिनो सहित सम्मान गरिएको थियो । सञ्चारकर्मी दीपेन्द्र पहारीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# सहारा आ.विमा निःशुल्क हेयर कटिङ कार्यक्रम सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १८ जेठ

वसपार्कमा रहेको सहारा बाल आधारभूत विद्यालयमा निःशुल्क हेयर कटिङ कार्यक्रम सम्पन्न भएको छ ।

गण्डकी प्रदेश सरकार सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय अन्तरगत व्यवसायीक तथा सिप विकास तालिम केन्द्रमा आवद्द भई सिप हाँसिल गरिरहेका सिकारू र प्रशिक्षकद्धारा विद्यालयमा अध्ययनरत १०० जना छात्रहरुको निःशुल्क रुपमा कपाल काट्ने कार्यक्रम सम्पन्न भएको हो ।

पोखरा मनपा वडा नं ९, का वडा अध्यक्ष दिपेन्द्र मर्सानीको प्रमुख आतिथ्यतामा सुभारम्भ भएको कार्यक्रमको अध्यक्षता विद्यालयका अध्यक्ष विक्रम थकालीले गरेका थिए भने सहयोगी संस्थाका प्रशिक्षक सागर रामदाम, जनप्रतिनिधी नन्दराम गिरि, विद्यालयका सदस्य शुशिल लामिछाने,



विद्यालयका प्रधानाध्यापक लोचना अधिकारीको विशेष उपस्थिति रहेको थियो । कार्यक्रमको स्वागत मन्तव्य विद्यालयका शिक्षक सागर पौडेलले गरेका थिए भने सहयोगी हरुको तर्फवाट शिशिर व्युटि पार्लर तथा ट्रेनिङ सेन्टरका सञ्चालक शिशिर गोदार थापाले मन्तव्य राखेकी थिइन् ।मन्तव्यका क्रममा गोदारले आगमी दिनमा पनि विद्यालयमा यस किसिमको कार्यक्रम ल्याइ सहयोग गर्ने प्रतिवद्दता व्यक्त गरिन्।

कार्यक्रमका प्रमुख अतिथी दिपेन्द्र मर्सानीले यस किसिमको कार्यक्रमले कमजोर पारिवारिक अवस्था भएका छात्रहरु लाभान्वित भएकोमा सामाजिक विकास मन्त्रालय लागएत सम्पूर्णलाई धन्यवाद व्यक्त गरे ।

सोहि क्रममा राष्ट्रिय खेलकुद महासंघ अन्तरगतको नेपाल कुराँस संघ द्वारा जेठ १५ र १६ मा काठमाडौमा आयोजना गरिएको चौँथो राष्ट्रिय कुराँस च्याम्पियनसिप २०८२ प्रतियोगितामा गण्डकी प्रदेशवाट सहभागी ३५ के.जी तर्फ द्वितिय हुन सफल कक्षा ७ मा अध्ययनरत छात्रा जमुना श्रेष्ठ र ४० के.जी तर्फ तृतीय हुन सफल कक्षा ८ मा अध्ययनरत छात्रा गंगा श्रेष्ठलाई हौसला सहित सम्मान पनि गरियो । कार्यक्रमको समापन मन्तव्यका क्रममा विद्यालयका अध्यक्ष विक्रम थकालीले विद्यालयको समग्र परिवेश बारे जानकारी गराउँदै अव्यवस्थीत वस्तिका कमजोर आर्थिक अवस्था भएका विद्यार्थीहरुको निःशुल्क रुपमा कपाल काटि सहयोग प्रदान गर्ने सहयोगीहरु लाई हार्दिक धन्यवाद दिँदै विभिन्न समयमा विद्यालयलाई सहायता प्रदान गर्ने दाताहरुलाई समेत कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा पनि सो किसिमको कार्यक्रम विद्यालयमा ल्याउन आह्वान गरे ।

विद्यालयका शिक्षक सुदिप कोइरालाले सञ्चालन गरेको कार्यक्रममा व्यवसायीक तथा सिप विकास तालिम केन्द्रमा आवद्द २३ जना प्रशिक्षकहरुको पनि उपस्थिति रहेको थियो ।

# पोखरा २२ को सहयोग मनोसामाजिक अपाङ्गताको क्षेत्रमा

पोखरापत्र संवाददाता
पोखरा, १८ जेठ

पोखरा महानगरपालिका वडा २२ ले मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरुलाई जीविकोपार्जन सहयोग पुग्ने उद्धेश्यले सहयोग समाग्री प्रदान गरेको छ ।

आइतबार एक कार्यक्रमको आयोजना गरि वडाको आर्थिक सहयोग र कोशिश संस्थाको सहकार्यमा सहयोग हस्तान्तरण गरिएको कोशिशकि मनोविर्मशकर्ता सम्फना पौडेलले जानकारी दिइन् । सहयोग मार्फत उक्त वडामा रहेका २५ जना मनोसामाजिक अपाङ्गता भएका ब्यक्तिहरुलाई प्रत्येक ब्यक्ति १४ वटा गिरिराज कुखुराको चल्ला र ५ केजी दाना बितरण गरिएको



हो ।

कार्यक्रममा बोल्दै वडा अध्क्षय हिमलाल बरालले वडाको सहयोगले मनोसामाजिक अपाङ्गता भएका ब्यक्तिहरुलाई जीविकोपार्जन सहयोग पुगे बताउदै, बितरण गरिएको समाग्रीहरु लाई सहि रुपमा सदुपयोग गर्न आग्रह गरे । कोशिशका कार्यक्रम ब्यवस्थापक विनोद शाहाले मनोसामाजिक अपाङ्गता भएका ब्यक्तिहरुलाई काममा ब्यस्त बनाउदै दिर्घकालिन रुपमा आम्दानि पनि हुने र समयको पनि सदुपयोग हुने बताए । पोखरा स्वास्थ चौकीका प्रमुख बिदुर रेग्मीले सहयोगले बाटो देखाउने काम गरेको बताए सहि रुपमा सदुपयोग गर्न आग्रह गरे ।

## प्रदेश ...

भइरहेको छ ।" उहाँका अनुसार अस्पतालमा एक सय १५ जनाको जनशक्ति छ । विशेषज्ञ चिकित्सक ३१, नर्स ३६, प्रयोगशालाका कर्मचारी छ, प्रशासनका कर्मचारी सात, १३ जना अन्य प्रविधिक र २२ जना सहायक सेवामा कार्यरत रहेका उहाँले जानकारी दिनुभयो ।

अस्पतालले गत आर्थिक वर्षमा ९८ हजार ३५६ जनालाई स्वास्थ्य सेवा प्रदान गरेको अस्पतालका प्रमुख डा बरालले बताउनुभयो । विसं २०३४ मा स्वास्थ्य चौकीका रूपमा स्थापना भई विसं २०५५ मा प्राथमिक स्वास्थ्य केन्द्रमा स्तरोन्नति भएको यस अस्पताल विसं २०५९ मा अस्पतालका रूपमा स्तरोन्नति भएको थियो ।

अस्पतालमा फोहरपानी र फोहरमैला व्यवस्थापनका लागि 'अटोक्लेप्स'सहित भवन निर्माण, आँखासम्बन्धी सेवा सञ्चालन, अत्याधुनिक दाँत सेवा, एनेस्थेसिया सेवा, भेन्टिलेटरसहित आइसियु कक्ष, अत्याधुनिक ल्याब, डिजिटल एक्सरे, निःशुल्क औषधि कक्षलगायत सेवा विस्तार भइसकेको छ । साथै शव राख्नका लागि दुई तह भएको दुई वटा मर्चरी चेम्बरको पनि व्यवस्था गरिएको अस्पतालले जनाएको छ । अस्पतालले इमर्जेन्सी सेवा, फार्मेसी, एआरटी, ल्याब्रोटोरी, दन्त, आँखा सेवाका अतिरिक्त मानसिक उपचार र डायलासिस सेवासमेत प्रदान गर्दै आइरहेको छ ।

# पोखरामा देवेन्द्र केसी 'देवु' गजल साँझ

पोखरापत्र संवाददाता
पोखरा, १८ जेठ

अन्तराष्ट्रिय नेपाली साहित्य समाज गण्डकी प्रदेशको आयोजनामा पर्यटकीय नगरी पोखरामा शनिबार गजलकार देवेन्द्र केसी'देवु' का गजलहरूमा गजल साँझ सम्पन्न भएको छ ।

पोखरा नै जन्मभूमि भएका गजलकार देवेन्द्र के. सी. 'देवु'का गजलहरूमा विश्व कीर्तिमानी संगीतकार एवम् गायक सन्तोष श्रेष्ठले संगीत र स्वर दिए एकल प्रस्तुति गर्नुभएको हो ।

नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्व कुलपति सरुभक्तको प्रमुख आतिथ्यतामा भएको गजल साँझमा देवेन्द्र केसी'देवु'का सातवटा गजल वाचन गरिएको थियो । मायाप्रेम, प्रकृति, राष्ट्रप्रेम लगायतका विभिन्न भाव समेटिएका गजल प्रस्तुत




भएको उक्त कार्यक्रममा पोखरेली साहित्यकार, सञ्चारकर्मी लगायत विभिन्न सेवा पेशामा आवद्ध व्यक्तिहरूको उल्लेख्य उपस्थिति थियो ।

उल्लेखित सात गजल मध्ये एक गजलमा..

"अहो क्या छ बान्की तिमी पोखराकी ।
भनुँ रुप खानी तिमी पोखराकी ॥
मनोहर छ आभा फिंजाएर झाँकी ।
भएँ मुग्ध प्यारी तिमी पोखराकी ॥"

भनिएको छ ।

त्यस्तै अर्को गजलमा ......

"चलेको छ ज्यादै घमासान युद्ध
कलि काल लाग्यो कि देखिन्न बुद्ध ॥", उल्लेख छ ।

कार्यक्रममा साहित्यकार सरुभक्तले पोखरामा यस किसिमको कार्यक्रम हालसम्मकै पहिलो भएको भन्दै स्रष्टा केसीको प्रशंसा गर्नुभयो । पोखरेली गजलका लागि यो महत्वपूर्ण कार्य भएको उहाँले बताउनुभयो ।

स्रष्टा एवम् अन्तराष्ट्रिय नेपाली साहित्य समाज गण्डकी प्रदेशका अध्यक्ष समेत रहनुभएका देवेन्द्र केसी'देवु' को अध्यक्षता एवम् समाजका महासचिव असफल गौतमले सञ्चालन गर्नुभएको कार्यक्रममा प्राज्ञ हरिदेवी कोइराला, कार्यक्रम संयोजक घनेन्द्र ओझा, समाजका पूर्व अध्यक्ष दुर्गाबहादुर शाह'बाबा' लगायतले बोल्नुभएको थियो ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा–९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५२१५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

समय बिताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस ।
– सास लिभोसन

## सम्पादकीय

# पर्यटक सवारी साधनलाई अवरोध नगर

सार्वजनिक यातायात व्यवसायीले सोमबारदेखि गाडी थन्काएर सेवा ठप्प पार्ने घोषणा गरेका छन् । गण्डकी प्रदेश सरकारले नियमावली नै जारी गरेर राइड सेयरिङका नाममा नीजि सवारी साधनलाई पनि यात्रु ओसारपसारमा प्रयोग गर्न दिएको आरोप लगाएका छन । पोखरामा जेठ १६ गतेदेखि आन्दोलन गर्दै आएका व्यवसायीले सोमबारदेखि सवारीसाधन घर, ग्यारेजमा थन्काएर सेवा ठप्प पार्ने चेतावनीसमेत दिएका छन । गाडी ठप्प पार्ने घोषणा गरेसँगै यात्रुलाई सकस भएको छ । सार्वजनिक यातायात केन्द्रीय महासंघ, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ, नेपाल यातायात व्यवसायी महासंघ नेपाल यातायात मजदुर संघ, अखिल नेपाल यातायात मजजुर संघ, एकीकृत समाजवादी यातायात मजदुर संघ र नेपाल यातायात स्वतन्त्र मजदुर संगठनले आइतबार एक संयुक्त विज्ञप्ति जारी गर्दै सेवा ठप्प पार्ने जनाएका छन् ।

गण्डकी प्रदेश सरकारले संविधानको धारा ५७ को उपधारा ६ उपधारा ३ वा ५ र सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को परिच्छेद २ को दफा ८ को २ र दफा १२ को १ बिपरित नीजि सवारीलाई सार्वजनिक यातायात सरह मान्यता दिएको उनीहरूको आरोप छ। गण्डकीबाट शुरु आन्दोलन देश ब्यापी बनेसँगै यात्रु व्यवसायीसंग रुष्ट छन् । प्रदेश सरकार र संघ सरकारलाई पटकपटक ध्यानाकर्षण गराउँदा पनि सुनुवाइ नभएको भन्दै बाध्य भएर सेवा बन्द गर्न लागिएको व्यवसायीको तर्क छ। 'आजसम्म पनि नेपाल सरकारले सुनुवाइ नगरेको हुँदा बाध्य भइ हाम्रा सवारी साधन मिति २०८२/२/१९ गतेदेखि घर, ग्यारेजमा थन्काएर आन्दोलनमा उत्रिने निर्णय गरिएको', विज्ञप्ति मार्फत चेतावनी दिएका छन। गण्डकी प्रदेश सरकारले ल्याएको राइड सेयरिङसम्बन्धी नियमावली खारेजीको माग गर्दै सार्वजनिक यातायात व्यवसायीले गरेको आन्दोलनको पोखराका उद्योगी एवं पर्यटन व्यवसायीले विरोध गरेका छन् । गण्डकीमा तीन दिनदेखि भइरहेको सार्वजनिक यातायात बन्दको विरोध गर्दै वार्ता र संवादबाट हल खोज्न उनीहरूले आग्रह गरेका छन् ।

पोखरा र गण्डकी प्रदेशमा हालै पर्यटक सवारी साधनहरूको सञ्चालनका क्रममा भएको अवरोधहरूप्रति धृ बिरोध भएको छाड्तालमा पक सवारीसाधनहरूलाई निर्वाध रूपमा सञ्चालन गर्ने वातावरण सृजना गर्न सार्वजनिक यातायात बचाउ संघर्ष समिति र सबै पक्षसँग आग्रह गरेको हो । यस्ता अवरोधहरूले गण्डकी प्रदेशको समग्र पर्यटन व्यवसायमा असर पार्नुका साथै आन्तरिक तथा बाह्य पर्यटकहरूमा नकरात्मक सन्देश प्रवाह हुने खतरा बढ्ने भन्दै विज्ञप्तिमा पर्यटन क्षेत्र नेपालको समृद्धिको मुख्य आधारमध्ये एक भएको र यसलाई व्यवस्थित एवं सुरक्षित बनाउनु सरोकारवालाहरूको साझा दायित्व भएको भनिएको छ । बन्द नै समाधान नभएको भन्दै परिषद्ले सबै सरोकारवाला निकायहरू प्रति गम्भीर ध्यानाकर्षणसहित शान्तिपूर्ण, व्यवस्थित र पर्यटकमैत्री वातावरण निर्माण गर्न आग्रह गरेको छ । बिहेमा पनि पर्यटन क्षेत्रलाई तहसनहस पारेर पोखराबाट छविलाई कमजोर बनाउने काम भएको थियो।चौरतर्फ बिरोध पछि सार्वजनिक यातायात लयमा ल्याउन भएको प्रयास विपरीत काम बन्द हुनुपर्छ ।

# मुक्तिनाथधाममा पदमार्ग निर्माण

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १९ जेठ

मुक्तिनाथधामको दुईवटा स्थानमा भक्तजन पदमार्ग निर्माण अन्तिम चरणमा पुगेको छ। मुक्तिनाथ दर्शन गर्न जाने तीर्थालु भक्तजनको सहजताका लागि मुक्तिनाथधामको पुराङ रानीपौवा बजारक्षेत्र र मुक्तिनाथ प्रवेशद्वारदेखि ज्वालामाई गुम्बा जाने बाटोमा डिभिजन सडक कार्यालय बाग्लुङमार्फत पदमार्ग निर्माणको ठेक्का सम्झौता भएको हो ।

आर्थिक वर्ष २०८१/८२ अन्तर्गत सालबसाली ठेक्काअन्तर्गत मुक्तिनाथधामको दुई स्थानमा अलगअलग पदमार्गको ठेक्का सम्झौता भई निर्माणकार्य अन्तिम चरणमा पुगेको डिभिजन सडक कार्यालय बागलुङका इन्जिनियर सागर भण्डारीले जानकारी दिनुभयो । यसका लागि मुक्तिनाथ रानीपौवा बजारमा रु एक करोड र मुक्तिनाथ ज्वालामाई गुम्बा जाने पदमार्गमा रु एक करोड बजेट विनियोजन भएको छ । चालु आर्थिक वर्षको असारभित्रै सम्पन्न गर्नेगरी मुक्तिनाथ रानीपौवा बजार क्षेत्रमा नाली तथा फुटपाथ निर्माण गरेर छप्पनी ढुङ्गा बिच्छ्याउने गरी पदमार्ग निर्माण गर्न दुईभाइ निर्माण सेवा काठमाडौंले ठेक्का सम्झौता गरेको थियो । मुक्तिनाथ बसपार्क नजिकैबाट मुक्तिनाथ जाने रानीपौवा बजार क्षेत्रमा दुई सय मिटर दूरीमा छप्पनी ढुङ्गा बिछ्याउने काम भइरहेको इन्जिनियर भण्डारीले उल्लेखगर्नुभयो।भक्तजनकोसहजता र रानीपौवा बजारको सौन्दर्यीकरणका लागि नाली र फुटपाथसहित आठ मिटर चौडा पदमार्ग निर्माण भइरहेको इन्जिनियर भण्डारीले बताउनुभयो । रानीपौवा बजार क्षेत्रमा चार मिटर चौडामा छप्पनी ढुङ्गा बिछ्याएर पदमार्ग स्तरोन्नति गरिने बताउनुभयो । रानीपौवामा छप्पनी ढुङ्गा बिछ्याएर पदमार्ग निर्माणको पछिल्लो भौतिक प्रगति ४५ प्रतिशत पुगेको उहाँले जनाउनुभयो। यसैगरी मुक्तिनाथधामको मुख्य प्रवेशद्वारबाट ज्वालामाईसम्म रेलिङसहितको आरसिसी सिँढी बाटो निर्माणको जिम्मा पिके कन्ट्रक्सनले लिएको डिभिजन सडक कार्यालय बागलुङले जनाएको छ। त्यहाँ तीन सय ५० मिटर दूरीमा दुई दशमलव एक मिटर चौडा रेलिङसहितको आरसिसी सिँढी बाटो निर्माण भइरहेको छ । ज्वालामाईसम्मको रेलिङसहितको सिँढी बाटो पदमार्गको पछिल्लो भौतिक प्रगति ८० प्रतिशत पुगेको डिभिजन सडक कार्यालय बागलुङले जनाएको छ।

# बाख्रा उपहार पाएपछि महिला खुसी

**पोखरापत्र संवाददाता**
म्याग्दी, १९ जेठ

काठेखोला गाउँपालिकाले महिलालाई आयआर्जनसँग जोडेर आत्मनिर्भर बनाउन थालेको छ । ग्रामीण क्षेत्रका महिलालाई कृषि र पशुपालनमार्फत उद्यमसँग जोड्नका लागि बाख्रा उपहार दिएको हो। गाउँपालिका र हेफर संस्थाको सहकार्यमा महिलालाई दुई सय ४० वटा बाख्रा वितरण गरिएको छ। दुई वर्षदेखि गाउँपालिका र हेफरले काठेखोलाका महिलालाई समूहमार्फत उत्पादनसँग जोड्दै आएको हो।

गाउँपालिकाले आठवटै वडाका महिलालाई बाख्रा उपहार दिइरहेको छ । यसै साता मात्र काठेखोला -७ रेशमा रहेका सङ्घर्षशील, शुभलक्ष्मी र उद्यमी स्वावलम्बी महिला समूहले उपहार समूहमा आबद्ध सङ्घर्षशील, सयपत्री, सुसेली, लगनशील, सूर्यमुखी र शुभलक्ष्मी महिला समूहमा आबद्ध सदस्यलाई ५० बाख्रा वितरण गरिएको छ । बाख्रा उपहार पाएपछि महिला खुसी भएका छन् । स्थानीय सीमादेवी थापाका अनुसार बाख्रापालनले जीविकोपार्जनमा सहज भएको छ । पछिल्लो समय गाउँमा बसाइँसराइले गर्दा खेतीयोग्य जमिन बाँझो बन्दै गएको भन्दै बाख्रापालनका लागि पर्याप्त घाँस रहेको छ । उपहार पाएको एउटा बाख्राबाट बढेर दर्जन पुग्न थालेकाले त्यसले घर खर्च चल्नुका साथै परिवार सहज रूपमा चलेको छ । उहाँले भन्नुभयो, "गाउँपालिका र हेफर संस्थाले हाम्रा लागि निकै राम्रो काम गर्‍यो, पहिले बाख्रापालन गर्ने चलन कम थियो, अहिले गाउँमा धेरैले बाख्रा पाल्न थालेका छन्, प्रत्येक घरमा एकदुईवटा बाख्रा देखिन्छन्, अप्ठ्यारो परेका बेला एउटा बाख्राको पाठो बेचेर भए पनि गर्जो टर्छ, पहिले रु दुईचार हजार आवश्यक पर्दा ऋण गर्नुपर्थ्यो, अहिले एउटा पाठो बेचे आउँछ ।"

काठेखोला गाउँपालिकामा उत्पादन भएका खसीबोकाले बागलुङ बजारमा मासुको आपूर्ति हुँदै आएको छ । वडा नम्बर ४ स्थित महिला समूहले हरेक वर्ष लाखौँको खसीबोका बिक्री गर्दै आएका छन् । बिहुँ, लेखानी, रेश, तङ्खामलगायत गाउँका किसानले उत्पादन गरेको तरकारी र दूधले समेत बागलुङ बजारमा स्थान पाएका छन् । यद्यपि उचित मूल्य नपाएको गुनासो भने किसानले गर्दै आएका छन् । काठेखोला गाउँपालिकाका अध्यक्ष राजु थापाले बढ्दो बसाइँसराइ रोक्नका लागि आफूहरूले नागरिकलाई आयआर्जनसँग जोड्ने खालका कार्यक्रम सञ्चालन गर्दै आएको बताउनुभयो । तीन सय ६० वटा बाख्रा वितरण गर्ने लक्ष्य रहेकामा हालसम्म दुई सय ४० मात्र वितरण गरिएको जनाइएको छ।

# 'थासाङ गाउँपालिका' गीत सार्वजनिक

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १८ जेठ

कवि भूमी शेरचनको जन्मथलो थाक टुकुचेकी सामाजिक अभियान्ता, साहित्य सर्जक एवं गीतकार विमला तुलाचनले 'थासाङ गाउँपालिका' नामक गीत सार्वजनिक गर्नुभएको छ ।

मुस्ताङको थासाङ गाउँपालिकाको पेरीफेरीमा रहेर त्यसक्षेत्रको पर्यटन प्रवर्द्धन, धार्मिक तथा सांस्कृतिक विषयवस्तु समेटेर तयार पारेको गीतको श्रव्यदृश्य खेन रिम्पोछे डा मङ्गलध्वज तुलाचन र थासाङ गाउँपालिकाका उपाध्यक्ष सोमल हिराचनले संयुक्त रूपमा विमोचन गर्नुभयो । थासाङ–१ टुकुचेस्थित नालान्दा विद्यालयमा आइतबार 'थासाङ गाउँपालिका' सार्वजनिक गरिएको हो । मुस्ताङको थासाङ गाउँपालिकाको जिवन्त कलासंस्कृतिलाई यसमार्फत उजागर गर्न खोजिएको छ । श्रव्यदृश्यमा थासाङ क्षेत्रको जिवन्त थकाली परम्परा, धर्म, संस्कृति, रहनसहन, मौलिकता र पर्यटकीय गन्तव्यको चित्रण गरिएको छ । श्रव्यदृश्यमा थकालीको बाह्र वर्षे मेला र तोरन्ल पर्वमा थकाली समुदायले अपनाउने संस्कृतिलाई समेटिएको छ । थासाङ क्षेत्रको टिटी ताल, सेकुङ ताल, भुतर्छो ताल, छात्ताङ झरना, स्याउ बगैचा, धार्मिक गुम्बा, माने, छोर्तेनलगायतका दृश्य पनि श्रव्यदृश्यमा समेटिएको छ। गीतकार तुलाचनले 'हिमालपारि मुस्ताङ जिल्ला' गीतको शब्दरचना गर्नुभएको हो । उपाध्यक्ष हिराचन र वडाध्यक्ष गौतम शेरचनले थासाङ गाउँपालिकाको समग्र कथावस्तुलाई समेटेर तयार पार्नु प्रशंसनीय कार्य भएको उल्लेख गर्नुभयो। हिमालपारि बोलको गीतमा दिपक लिम्बु र ममता गुरुङले स्वर दिनुभएको हो । गीतमा एलिसा राई, पुष्प खड्कालगायतको अभिनय रहेको छ । यसअघि गीतकार तुलाचनले चारवटा म्यूजिक भिडियो निर्माण गरिसक्नुभएको छ।

# नमूना भेटेरिनरी अस्पताल सुस्त गतिमा

**पोखरापत्र संवाददाता**
तनहुँ, १८ जेठ

तनहुँको व्यास नगरपालिका-३ दमौलीमा निर्माणाधीन 'नमूना भेटेरिनरी अस्पताल' भवन निर्माणकार्य सुस्त गतिमा भएको छ । अठार महिनामा पूरा गर्नेगरी चितवनस्थित इको बिल्डर्सले २०७८ भदौमा सम्झौता गरे पनि अझै सम्पन्न हुनसकेको छैन ।

निर्माण कम्पनीले ढिलासुस्ती गरेका कारण सम्झौताअनुरुप काम सम्पन्न हुन नसकेको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले जनाएको छ । गण्डकी प्रदेश सरकारबाट पहिलो चरणमा कास्की र तनहुँमा नमूना भेटेरिनरी अस्पताल निर्माणका लागि छनोट गरेको थियो। एकैसाथ निर्माणकार्य थालेको कास्कीको नमूना अस्पताल निर्माण सम्पन्नपछि सेवा प्रवाह दिन थालिसकेको छ । पहिलोपटकको सम्झौता म्यादभित्र निर्माणकार्य सम्पन्न गर्न नसकेपछि दोस्रोपटक म्याद थप गरिएको कार्यालय प्रमुख वरिष्ठ मत्स्य विकास अधिकृत कार्यालय प्रमुख रविनसन अधिकारीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "उक्त अवधिमा पनि सम्पन्न नभएकाले तेस्रोपटक म्याद थपको प्रक्रिया अघि बढाइएको छ ।" गण्डकी प्रदेश सरकारको रु चार करोड ९० लाख ८३ हजारको लागतमा भवन निर्माण गर्नेगरी निर्माण कम्पनीले सम्झौता गरेको थियो । "भवनको हालसम्म ७० प्रतिशत भौतिक र ५२ प्रतिशत वित्तीय काम भएको छ", कार्यालय प्रमुख अधिकारीले भन्नुभयो, "भवन निर्माणकार्य सम्पन्न भएको छ, भवनभित्र झ्यालढोका राख्न, रङरोगन, टायल मार्बल बिछ्याउन र इलेक्ट्रिकलगायतका काम बाँकी रहेको छ ।" पशुपन्छीपालक किसानलाई सहज रूपमा सेवा प्रवाह गर्न सुविधासम्पन्न भवन निर्माणकार्य अघि बढाइएको हो । तनहुँसहित गोरखा र नवलपुर गरी तीन जिल्लाका किसानले यस अस्पतालबाट लाभ लिन सक्ने छन् । करिब साढे एक रोपनीमा निर्माणाधीन उक्त अस्पताल भवनको सेवा प्रवाहमा आवश्यक भौतिक संरचना निर्माण गर्नुपर्ने अवस्था छ । उहाँले भन्नुभयो, "अस्पतालका आवश्यक भौतिक पूर्वाधार निर्माण गरी सञ्चालन गर्न रु १० करोड लाग्ने अनुमान छ ।" उक्त अस्पतालमा शल्यक्रिया, थेरापी, सघन उपचार कक्ष, यएसजी सेवा र दुई प्रयोगशालासहित २३ कोठा छन् ।


# धितोमा रहेको सम्पति लिलाम बिक्री गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८२/०२/१९)**

यस नवरत्न वचत तथा ऋण सहकारी संस्था लिमिटेड पुतलीवजार १ प्रगतिनगर, स्याङजामा तपसिलमा उल्लेखित ऋणीहरुले यस संस्थावाट उपभोग गर्नु भएको कर्जा रकम संस्थासँग गर्नु भएको कर्जा सम्झौता बमोजिम किस्ता (साँवा व्याज) बुझाउनको लागी संस्थावाट पटक पटक मौखिक/लिखित तर ताकेता गर्दा साथै कर्जा चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्वन्धित ऋणीहरुले कर्जा तिर्ने तर्फ पूर्ण वेवास्ता गरी कर्जा चुक्ता गर्ने तर्फ कुनै पहल नगरेको हुदाँ यो धितो लिलाम बिक्रीको ३५ दिने सूचना प्रकाशित गरिएको छ। धितो लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जना लगायतका अन्य दैदस्तुर समेत तिरी वुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्वन्धित ऋणी सदस्यहरुलाई यसै सूचना मार्फत जानकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा भुक्तान नभएमा ऋणी लगायत सम्वद्ध सबैलाई प्रचलित ऐन कानुन वमोजिम हुने व्यहोरा जानकारी गराउँदै कर्जा सुरक्षणको रुपमा संस्थालाई धितोवन्धक लेखिदिएको तपशिलमा उल्लेख भए बमोजिमका सम्पत्तिहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम २०६६ साथै प्रचलित ऐन, कानुनले दिएको अधिकार प्रयोग गरि तल उल्लेखित मिति, समय र स्थानमा निर्धारित समयावधि भित्र पेश हुन आएका बोल कबोल मूल्यहरु डाँक बढाबढको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले सो सम्पत्ति खरिद गरि लिन ईच्छुक महानुभावहरुको लागि यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। धितो सुरक्षणमा रहेको सम्पत्तिवाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा प्रचलित कानुन बमोजिम ऋणी तथा जमानीकर्ताको नाममा रहेको अन्य चलअचल सम्पत्ति समेतवाट वाँकी कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दैदस्तुर समेतको रकम असुल उपर गर्न आवश्यक कारवाही अघि वढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**

| ऋणीको विवरण | जमानी बस्नेको विवरण | धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण |
|---|---|---|
| ऋणीको नाम : रामचन्द्र पोखेल<br>नागरिकता प्रमाण पत्र नं.: ६७३५६<br>नागरिकता जारी मिति : २०५९/०३/२०<br>जारी भएको जिल्ला : स्याङ्जा<br>स्थायी ठेगाना : पुतलीवजार-७ पर्स्याङ<br>अस्थायी ठेगाना : पुतलीवजार-३ वाडखोला<br>बाबुको नाम : खेमनारायण पोखेल<br>बाजेको नाम : शोभाखर | नाम : मायादेवी शर्मा<br>नागरिकता प्रमाण पत्र नं. ७२९८७<br>नागरिकता जारी मिति : २०६०/०७/१९<br>जारी भएको जिल्ला : स्याङ्जा<br>स्थायी ठेगाना : पुतलीवजार-७ पर्स्याङ<br>अस्थायी ठेगाना : पुतलीवजार-३ वाडखोला<br>पतिको नाम : रामचन्द्र पोखेल<br>ससुराको नाम : खेमनारायण पोखेल | स्याङ्जा जिल्ला पुतलीवजार ७ निवासी श्री खेमनारायण पोखेलको बुहारी श्री रामचन्द्र पोखेलको श्रीमती नागरिकता प्रमाण पत्र नं.७२९८७ भएको श्री मायादेवी शर्माको नाममा नापी नक्सा कायम रहेको जग्गामा वनेको घर स्याङ्जा जिल्ला स्या.पुतलीवजार ४ हाल पुतलीवजार ३ को कि.न. १२ क्षेत्रफल (०-२-१-२) जग्गामा बनेको ३ तले आरसिसि घर |

**कर्जाको विवरण**

| क्र.सं | ऋणीको नाम | शिर्षक | साँवा | व्याज | हर्जना | अन्य दैदस्तुर | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | रामचन्द्र पोखेल | व्यापार/ व्यवसाय | रु.६६,१४,९९९।३२ | रु.१८,९१,३७१।०८ | १५,५१८।६० | रु.२५,०००।०० | रु.८५,४६,८८९।०० (अक्षेरेपी पचासी लाख छ्यालिस हजार आठ सय उनान्नब्वे रुपैंया मात्र ।) |

(नोटः मिति २०८२/०२/२० गतेदेखि लिलाम प्रक्रिया नसकिएसम्म व्याज थप हुँदै जाने छ।)

सूचना प्रकाशन भएको मितिले ३६ औं दिनमा संस्थाको कार्यालयमा समय बिहान १०:३० वजेदेखि दिनको ४:०० वजेसम्म धितो लिलामको डाँक बढाबढ हुनेछ, सो दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट सोही समय र स्थानमा लिलाम बिक्री डाँक बढाबढ संचालन हुनेछ। डाँक बढाबढ गर्दा सबै भन्दा वढी डाँक बोल्ने व्यक्तिको नाममा लिलाम विक्री स्वीकृत हुनेछ। अन्य थप जानकारीको लागि संस्थामा सम्पर्क गर्नुहुन अनुरोध छ।

विस्तृत जानकारीको लागि
**नवरत्न वचत तथा ऋण सहकारी संस्था लिमिटेड**
पुतलीवजार-१ प्रगतिनगर, स्याङ्जा
फोन नं. ०६३-४२५१०२, ४२५१०१



# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : झमेला बढ्ने |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : शारीरिक झमेला | धनु | : आर्थिक समस्या |
| कर्कट | : मानसिक तनाब | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : शत्रुको भय | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# 'जेठो हिमाल' अन्नपूर्ण आरोहणको हीरक महोत्सव यसरी मनाइँदै

**सन्तोष गौतम र कमल खत्री**
म्याग्दी, १९ जेठ

यहाँस्थित अन्नपूर्ण प्रथम हिमाल आरोहण भएको ७५ वर्ष पूरा भएको छ।

आठ हजार ९१ मिटर उचाइको अन्नपूर्ण हिमाल अवस्थित अन्नपूर्ण गाउँपालिका-४ नारच्याङबाट आधार शिविरसम्मको पदयात्रा टोलीलाई शनिबार साँझ पदमार्गको प्रवेशविन्दु नारच्याङ बैंसीमा स्वागत गरेर हिरक महोत्सव शुभारम्भ गरिएको छ।



आजदेखि सुरु हुने पदयात्रा टोलीमा सहभागी हुन आएका अन्नपूर्णका प्रथम आरोही मौरिस हर्जोग छोरा फ्रान्सका माथिएस हर्जोगलगायत १४ विदेशी, पर्यटन व्यवसायी, पत्रकारको टोलीलाई अन्नपूर्ण-४ वडा कार्यालय, अन्नपूर्ण, जनजागरण युवा क्लब र सिर्जनशील आमा समूहले स्वागत गरेका थिए।

माथिएस हर्गोजसँग आउनुभएका फ्रान्सका कलाकार हरूले प्रथम आरोहीको सम्मानमा सङ्गीत प्रस्तुत गर्नुभएको थियो । उहाँहरूले यही जेठ १९ गते साँझ अन्नपूर्ण आधार शिविरमा पनि साङ्गीतिक प्रस्तुति गर्ने कार्यक्रम छ। प्रथम आरोही मौरिसका छोरा माथिएस, नाती इथेन हर्जोगलगायत फ्रान्सका छ, बेलायतका तीन, भारतका पाँच र इटलीका एक जना पाहुना सरकारको निमन्त्रणामा हीरक जयन्तीको कार्यक्रममा सहभागी हुन आउनुभएको अन्नपूर्ण-४ का वडाध्यक्ष लोकबहादुर पुनले जानकारी दिनुभयो । उहाँका अनुसार नारच्याङ बैंसीबाट हुमखोला, फुतफुते झरना, साँधीखर्क, भुसकेत, पञ्चकुण्ड ताल हुँदै यही जेठ १९ गते चार हजार १०० मिटर उचाइमा रहेको अन्नपूर्ण आधार शिविरमा पुग्ने मौरिस हर्जोग पदमार्गको पदयात्रा टोलीमा करिब दुई सय जना सहभागी छन् । नेपालको पर्यटन क्षेत्रको विकास र पर्वतारोहणको शुभारम्भ भई हिमाललाई विश्वभर चिनाउने दिनको सम्झनामा जेठ २२ गतेसम्म विविध कार्यक्रम गरेर हीरक महोत्सव मनाइने अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले जानकारी दिनुभयो । "आरोहणको ७५ वर्षपछि पहिलोपटक सम्बन्धित भूगोलमा महोत्सव मनाउन पाएकामा हर्षित भएका छौँ", पदयात्रा टोलीलाई स्वागत गर्दै उहाँले भन्नुभयो, "हर्जोगको टोलीबाट भएको अन्नपूर्ण आरोहणले नेपालको पर्वतारोहणको सम्भावना अन्तरराष्ट्रियकरण भएकाले हीरक महोत्सव आयोजना गरिएको हो ।" यसअघि काठमाडौँ र पोखरामा कार्यक्रम गरेर अन्नपूर्ण आरोहण दिवस मनाउने गरिएको थियो । म्याग्दी, कास्की, मनाङ र मुस्ताङ जिल्लाको सिमानामा रहेको आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमाल आरोहण गर्ने बाटो र आधार शिविर म्याग्दीको अन्नपूर्ण-४ नारच्याङको भूगोलमा पर्छ। आठ हजार मिटरभन्दा अग्लो पहिलो मानव पाइला परेका कारण अन्नपूर्णलाई जेठो हिमाल भनिन्छ। सन् १९५० मा जुन ३ मा फ्रान्सका मौरिस हर्जोग र लुई लचेनलको टोलीले अन्नपूर्णको शिखर चुमेको तीन वर्षपछि विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण भएको थियो । महोत्सवको अवसरमा जेठ १९ र २० गते अन्नपूर्ण गाउँपालिकाका आठवटै वडाको सहभागितामा मगर संस्कृतिमा आधारित पुर्ख्यौली नृत्य, झाँकी तथा खुला नृत्य प्रतियोगिता आयोजना गरिएको छ । जेठ २० गते प्रधानमन्त्री केपी शर्मा ओलीको प्रमुख आतिथ्यतामा आधार शिविरमा राखिएका आरोहीका सालिक अनावरण, सङ्ग्रहालय र मौरिस हर्जोग पदमार्गको उद्घाटन, नारच्याङ बैंसीमा मूल समारोह, सम्मान तथा पुरस्कार वितरण कार्यक्रम हुने अन्नपूर्ण गाउँपालिकाका उपाध्यक्ष दिवा तिलिजा पुनले बताउनुभयो। जेठ २० गते हुने आधार शिविरबाट नारच्याङसम्म म्याराथन दौड प्रतियोगितामा म्याग्दीका ४२ जना धावकले नाम दर्ता गराएका छन्। २१ गते पर्यटकीयस्थल घोडेपानी पुनहिलमा पदयात्रा गर्ने कार्यक्रम छ।

२२ गते पोखरामा प्रथम आरोही हर्जोगले प्रयोग गरेका उपकरण उनका परिवारबाट नेपाल पर्वतारोहण सङ्घद्वारा सञ्चालित अन्तरराष्ट्रिय पर्वतीय सङ्ग्रहालय पोखरालाई हस्तान्तरण र हर्जोगले लेखेर फ्रान्सेली राजदूतावासले अनुवाद गरेको पुस्तक 'द अन्नपूर्ण'को विमोचन गर्ने कार्यक्रम तय भएको छ। अन्नपूर्ण गाउँपालिका, नेपाल पर्यटन बोर्ड, नेपाल पर्वतारोहण सङ्घ, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) को आयोजना र अन्नपूर्ण गाउँपालिका पर्यटन विकास समिति सहआयोजक भएर महोत्सव गर्न लागिएको हो । नारच्याङका तेज गुरुङको अगुवाइमा २०६८ सालमा अन्नपूर्ण हिमाल र आधार शिविर म्याग्दीमा पर्ने तथ्य तथा पदमार्ग पहिचान भएको थियो। पदमार्गलाई अन्नपूर्ण गाउँपालिकाले 'मौरिस हर्जोग' नामकरण गरेको छ।

पदमार्गको प्रचारप्रसार गर्न प्रवेश विन्दुमा पर्ने नारच्याङमा २०७७ सालमा गाउँपालिकाले अन्नपूर्ण पर्यटन महोत्सव आयोजना गरेको थियो। कास्की र म्याग्दीका दुईवटा स्थानीय तहको नामकरण अन्नपूर्ण हिमालबाट गरिएको छ। अन्नपूर्ण हिमाललाई फन्को लगाउने अन्नपूर्ण चक्रीय पदमार्ग विश्वको प्रसिद्ध पदमार्ग मानिन्छ।

# त्रिवेणी इन्टरनेशनल कलेजको पूर्व विद्यार्थी अध्यक्षमा–पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, १८ जेठ

त्रिवेणी इन्टरनेशनल कलेज पोखरा २७ का पूर्व विद्यार्थीहरुको संस्था त्रिवेणी इन्टरनेशनल कलेज एलुम्नाई एसोसियशनको अध्यक्षमा असिम पाण्डे निर्वाचित भएका छन्।

एशोसियशनको शनिवार सम्पन्न तेश्रो साधारण सभा एवं दोश्रो अधिवेशनले पाण्डेको नेतृत्वमा ९ सदस्यीय कार्यसमितिको चयन गरेको हो। समितिको उपाध्यक्षमा सर्बेन्द्र न्यौपाने, सचिव सृजना अधिकारी, सहसचिव सुजन आचार्य र कोषाध्यक्षमा पबिन गौतम निर्वाचित भएका छन्। यसै गरी समितिको सदस्यमा सचिन रानाभाट 'बलराम', श्रृष्टी तिवारी, सलिना घिमिरे र सिम्रन रेग्मी निर्वाचित भएका छन्। यस अघि अधिवेशनको उद्घाटन गर्दै त्रिवेणी इन्टरनेशनल कलेजका संचालक समितिका अध्यक्ष सुमन भट्टराईले कलेजमा अध्ययनरत विद्यार्थीलाई पारिश्रमिक सहितको इर्न्टनको सुविधा दिनु पर्नेमा जोड दिनु भयो। कलेजबाट अध्ययन सकाएपछि विद्यार्थीहरु जनशक्तिको रुपमा बजारको पहिलो रोजाईमा परेको उल्लेख गर्दै, अध्यक्ष भट्टराईले शैक्षिक गुणस्तरमा कुनै संझौता नगरिने बताउनु भयो। अध्यक्ष भट्टराईले कलेज निजि क्षेत्रबाट संचालित भएपनि न्युनतम शुल्कमै गुणस्तरिय शिक्षा प्रदान गरिएको उल्लेख गर्नु भयो। पूर्व विद्याथीहरुलाई कलेजले सिकाई केन्दका रुपमा विकास गरी उनिहरुको शिप र ज्ञानलाई हस्तान्तरण गर्नु पर्नेमा जोड दिनु भयो। त्यस्तै कलेजका पुर्व अध्यक्ष बाबुराम गिरीले पूर्व बिद्यार्थी मंच कलेजको एक अभिन्न अंग भएको उल्लेख गर्दै, शैक्षिक उन्नयनमा महत्वपूर्ण भूमिका रहेको बताउनु भयो । उहाँले सम्न्धन प्राप्त त्रिभुवन विश्वविद्यालयबाट थप कार्यक्रमको अनुमति लिई संचालन गरिने बताउनु भयो । कार्यक्रममा कलेजका क्याम्पस प्रमुख यदुराज आचार्य, संचारकर्मी नवराज सापकोटा, बिद्यार्थी कल्याणकारी समितिका अध्यक्ष सुदिन भट्टराई लगायतले शुभकामना मन्तब्य ब्यक्त गर्नु भएको थियो । यसै बीच त्रिवेणी इन्टरनेशनल कलेज एलुम्नाई एशोसियसनका अध्यक्ष रामकृष्ण लामिछानेले अध्यक्षको प्रतिबेदन तथा कोषाध्यक्ष सृजना अधिकारीले कोषाध्यक्षको प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो भने कार्यक्रम संचालन सचिव असिम पाण्डेले गर्नु भएको थियो।

# बौद्धिक अपाङ्गता भएका विद्यार्थीलाई आवासीय शिक्षा

**पोखरापत्र संवाददाता**
बागलुङ, १८ जेठ

बागलुङमा बौद्धिक अपाङ्गता भएका बालबालिकालाई आवासीय सुविधासहित निःशुल्क अध्ययनको व्यवस्था मिलाइएको छ।

बागलुङ नगरपालिका-४ उपल्लाचौरस्थित बागलुङ विशेष बाल कक्षा आधारभूत विद्यालय बौद्धिक अपाङ्गता भएका विद्यार्थी अध्ययन गर्ने गण्डकी प्रदेशकै एउटा मात्रै विद्यालय हो । शारिरिक अपाङ्गता भएका, बौद्धिक र सुस्त श्रवण क्षमता भएका विद्यार्थीलाई अध्यापन गराउने गरी विसं २०४३ मा स्थापना भएको विद्यालयमा अहिले बौद्धिक अपाङ्गता भएका विद्यार्थी मात्रै अध्ययनरत छन्।

बहिरा विद्यार्थीलाई रामरेखा बहिरा आवासीय विद्यालय र शारिरिक अपाङ्गता भएका विद्यार्थीलाई रामरेखा आधारभूत विद्यालयमा अध्ययनको व्यवस्था मिलाएपछि यस सामुदायिक विद्यालयमा बौद्धिक अपाङ्गता भएका विद्यार्थी मात्रै अध्ययन गराउन थालिएको विद्यालयका प्रधानाध्यापक युक्तजङ्ग राजभण्डारीले जानकारी दिनुभयो। बौद्धिक अपाङ्गता भएका कास्की, पर्वत, म्याग्दी र बागलुङका ३५ विद्यार्थीले यस विद्यालयमा अध्ययन गरिरहेको राजभण्डारीको भनाइ छ। "बौद्धिक रुपमा अपाङ्गता भएका बालबालिका परिवारमा अपहेलनामा परेका हुन्छन्, उनीहरुलाई हुर्काउने, पालनपोषण गर्ने र सामान्य शिक्षा दिने काम यस सामुदायिक विद्यालयले गर्छ", राजभण्डारीले भन्नुभयो, "विसं २०५३ मा आफ्नै विद्यालय भवन र विसं २०६६ मा 'होस्टेल' निर्माण गरिएको थियो, अहिले आवासीय रुपमा २२ विद्यार्थी बस्दै आएका छन् भने १३ जना विद्यार्थी घरबाटै विद्यालय आउने जाने गरेका छन्, उनीहरुलाई एकदेखि ५ कक्षासम्मको शिक्षा दिइन्छ।"

# उत्खननको पर्खाइमा तामाखानी

**पोखरापत्र संवाददाता**
बागलुङ, १८ जेठ

नेपालकै २२ ठूला परम्परागत खानीमध्येको एक हो जैमिनी नगरपालिका-१० राङ्खानी। तामाको धाउ निकालिएका दर्जनौं सुरुङ रहेको राङ्खानी क्षेत्र उत्खननको पर्खाइमा रहेको छ । केही सुरुङमार्ग संरक्षणको अभावमा पुरिएका छन्भने पहिरोले क्षतिसमेत पुर्‍याएको छ।

तामा निकाल्ने व्यक्तिहरूको मृत्यु भइसकेकाले जीवन्त इतिहाससमेत पछिल्लो समय मेटिन थालेको छ । जैमिनी नगरपालिका-१० राङ्खानीका ९५ वर्षीय बमबहादुर श्रीसले घरनजिकैको पाखोबाट आफ्ना बाबुबाजेले तामाको धाउ निकालेको जानकारी दिनुभयो।

"बाबाले त धेरै तामा खन्नु भएन, बाजेले तामाको धाउ निकालेर बिक्री गरेर जीविकोपार्जन नै गर्नुभएको थियो रे, पछि तामाको धाउमा कर बढी लगाएपछि खानी बन्द भएको हो", स्थानीय वृद्ध श्रीसले भन्नुभयो, "पाखैभरि तामा खनेका डोबहरू छन्, चारदेखि ५० मिटरसम्मका सुरुङ अझै छन्, हामीले सुरुङमा हिँडेकासमेत छौँ, तर कतिपय सुरुङ मेटिन थालेका छन्, पहिराले पुरिएको अवस्थासमेत छ, उत्खननमा सरकारले जोड दिन आवश्यक छ ।" बागलुङको राङ्खानी क्षेत्रमा तामाखानीका थुप्रै सुरुङका प्वाल छन्। जसमध्ये केही सुरुङका प्वाल मेटिन थालेका छन्। राङ्खानीको डाँडाखानीलगायत क्षेत्रमा एक सय २० वर्षभन्दा अघिसम्म उत्खनन गरिएका तामाखानी यतिबेला पुरिने अवस्थामा पुगेका छन्। राज्यलाई कर तिर्न नसकेका कारण उत्खनन बन्द भएको तामाखानी अझै सञ्चालनमा आउन नसकेको हो। तामाखानीबाट राज्यलाई १४ धार्नी कर बुझाउन नसक्दा बन्द भएको स्थानीय बमबहादुर श्रीसले जानकारी दिनुभयो । स्रोतको अभावका कारण कर बुझाउन नसकेर बन्द भएको आफूले सुनेको श्रीसले बताउनुभयो । अहिले पनि तामाका अवशेष रहेकाले यहाँको सम्भाव्यता अध्ययन गरेर खानी सञ्चालनमा ल्याउनुपर्ने स्थानीयवासीको माग छ । स्थानीयले खानी सञ्चालनमा ल्याउँदा स्थानीय सरकार र स्थानीयको आयआर्जन बढ्ने बताउनुभयो । खानीबाट स्थानीयवासीले आफ्नै सीप र प्रविधिको प्रयोगबाट सानो मात्रामा तामा निकाल्ने गरेकामा पछिल्लो प्रविधिको विकासले ठूलो मात्रमा तामाखानी निकाल्न सकिने स्थानीय लालबहादुर पुनले जानकारी दिनुभयो । यहाँका खानीमा अन्य जिल्लाका मजदुरसमेत आएर काम गर्ने गरेकाले यहाँ ठूलो मात्रमा तामा रहेको अनुमान गरिएको छ।

बाउबाजेले तामाको धाउलाई कुटेर तामा निकाल्थे भनेर सुनेको र तामा निकालिएको सुरुङ पनि पाखैभरि रहेको स्थानीय डम्मरबहादुर विकले जानकारी दिनुभयो। उहाँले एउटा सुरुङको प्वालबाट छिरेर अर्को प्वालबाट निस्कन सकिने बताउनुभयो । "बाइस खानीअन्तर्गत राङ्खानी पर्दथ्यो, ठूलाखानीलाई जोडेर कर सङ्कलनमा २२ खानी पुर्‍याइएको थियो", विकले भन्नुभयो, "चौध धार्नी तामा बोकेर नेपाल अर्थात् अहिलेको काठमाडौँ लैजानुपर्ने थियो, तामाको सुरुङ गहिरो हुँदै जाने तर कर बढी भएकाले विस्तारै तामाखानी बन्द भएको पाइन्छ ।" त्यही खानीबाट उत्पादन भएको तामाको भाँडाकुँडा अझै छन्।

खानी सञ्चालन र उत्खननको अधिकार स्थानीय सरकारलाई नभएकाले केन्दै सरकारले पहलकदमी गर्नुपर्ने वडाध्यक्ष श्रीप्रसाद थापाले जानकारी दिनुभयो। दमेक र राङ्खानी क्षेत्रमा खानीको सम्भाव्यता अध्ययन जैमिनी नगरपालिकाले गरिरहेको बताउनुभयो।

तामा उत्पादनका लागि निकालिएको धाउलाई स्थानीय भाषामा राङ भन्ने चलन भएकाले राङको खानी भएकाले तत्कालीन राजा रजौटाले यस ठाउँको नाम नै राङ्खानी राखिएको भन्ने चलन छ। यस्तै स्थानीय बुढापाकाले राँगाको गर्धन जत्रो धाउ निस्किएकाले राङ्खानी नामकरण गरिएको भन्ने चलन छ । बागलुङको तमानखोला गाउँपालिका, बागलुङ नगरपालिका र जैमिनी नगरपालिकाभित्रको खानी उत्खननका लागि सम्भाव्यता अध्ययनका लागि खानी तथा भूगर्भ विभागबाट अनुमतिप्राप्त भए पनि एकिन तथ्याङ्क आउनसकेको छैन।

बागलुङ नगरपालिका, जैमिनी नगरपालिका र तमानखोला गाउँपालिकाका विभिन्न ठाउँमा तामाखानी छन् । धातुजन्य खानीसँगै जिल्लामा प्रशस्त मात्रामा ढुङ्गाखानी पनि छन्। ढुङ्गाखानी केही स्थानमा उत्खनन हुने गरे पनि फलाम तथा तामाखानी अहिलेसम्म उत्खनन हुनसकेका छैनन्।


## सूची दर्ता गर्ने बारेको सूचना

**प्रकाशन मितिः २०८२/०२/१९**

यस संस्थाको नियमानुसार आ.व. २०८२।०८३ का लागि आवश्यक पर्ने देहायका वस्तु तथा सेवाहरु पटक पटक वा एकै पटक खरीद गर्न छुट्टाछुट्टै सूची तयार गरी राख्नु पर्ने भएकोले इच्छुक सेवा प्रदायकहरुबाट आफुले उपलब्ध गराउने वस्तु तथा सेवाको विवरण, कम्पनी दर्ता प्रमाणपत्र, स्थायी लेखा नं. (PAN) दर्ता प्रमाणपत्र तथा मुल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र, गत आ.व.को करचुक्ता प्रमाणपत्र, कम्पनीको प्रोफाइल प्रतिलिपि सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस संस्थाको कार्यालय, पोखरा १३ कास्कीको प्रशासन शाखामा वा ईमेल (ccsccltd@gmail.com) मार्फत उपलब्ध गराउन आह्वान गरिन्छ।

**सूचीकृत फर्म/कम्पनी मार्फत प्राप्त गरिने वस्तु तथा सेवाको विवरण :**

क. **छपाइ तथा मसलन्द**
 १. स्टेशनरी सामान आपुर्ति कार्य
 २. चेक तथा चेक कभर, चेक मांग स्लिप, नगद जम्मा भौचर, ऋण भौचर, आम्दानी भौचर, खर्च भौचर, वार्षिक प्रतिवेदन, बुलेटिन, हाते पुस्तिका, जरनल, शेयर प्रमाणपत्र, डायरी, क्यालेण्डर आदि छपाई तथा आपूर्ति कार्य
 ३. फ्लेक्स, होडिङ बोर्ड तथा साइनबोर्ड आदि आपूर्ति

ख. **इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स सम्बन्धि सामानहरु**
१. इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स सम्बन्धि सामानहरु आपुर्ति तथा सो सम्बन्धि सामानहरु मर्मत सम्भार समेतका कार्यहरु
२. कम्प्युटर, सर्भर, ल्यापटप, प्रिन्टर, क्यामेरा, बाह्य हार्ड डिस्क लगाएत कम्प्यूटर सम्बन्धि अन्य सामानहरु आपुर्ति तथा मर्मत कार्यहरु
३ CCTV/Alarm System/EPABX/Telephone Sets/Fire Alarm/Battery/AC/UPS/Fire Extinguisher आदि सामानहरुको आपुर्ति तथा सो सम्बन्धि मर्मत सम्भार, रिफिलिङ जस्ता कार्यहरु
४. अफिस उपकरण, फोटोकपि, एयर कन्डिसन मेसिन, फेक नोट डिटेक्टर आदि आपूर्ति तथा सोमा लाग्ने पार्टपुर्जाहरु आपुर्ति तथा मर्मत सम्भार का कार्यहरु
५. प्रिन्टरको इन्क, कार्टेज, रिबन, टोनर, आपुर्ति तथा रिफिलिङ

ग. **निर्माण, मर्मत तथा सम्भार**
 १. कार्यालय निर्माण/आन्तरिक सजावट
 २. Networking Equipment/Connectivity/Services/IT Support/CCTV/AC Maintenance

घ. **फर्निचर तथा फिक्सचर्स सम्बन्धि कार्यहरु**
१. अफिस फर्निचर (मेटल तथा काठको) फाइलिङ र्‍याक (क्याबिनेट), टेबुल, कुर्सि, दराज आदि आपुर्ति तथा मर्मत कार्य

ङ. **अन्य सेवाहरु**
 १. धितो मूल्याङ्कन कर्ता  २. युनिफर्म  ३. विज्ञापन, सूचना प्रकाशन/प्रसारण

**सूचीकृत हुने सम्बन्धमा थप जानकारीहरु :**

१. सूचीकरणको लागि पेश हुन आएको निवेदनसंग विवरण, क्षमता तथा दक्षतालाई आधार मानि निवेदन दिनेहरु मध्येबाट योग्य ठहरिएका विक्रेता/आपुर्तिकर्ताहरुलाई (फर्म, कम्पनी) मात्र सूचीकृत गरिने छ।
२. सूचीकृत हुनको लागि आवेदनमा सबै वा कुनकुन सामानहरु आपुर्ति र मर्मत कार्य गरिने हो। खुलाउनु पर्नेछ।
३. सूचीकृत भएका फर्महरु मध्येबाट सामान तथा सेवाहरु आवश्यकता अनुसार सोझै खरिद, कोटेसन वा शिलबन्दी कोटेशन माध्यमबाट गरिने छ। तर सूचीकृत भएका सबै विक्रेता आपुर्तिकर्ता (फर्म कम्पनी) बाट सामान वा सेवा खरिद गर्न संस्था बाध्य हुनेछैन। सूचीकृत सेवा प्रदायक, आपुर्तिकर्ताबाट उपलब्ध हुन नसकेमा वा दर भाउ बढि भएमा बाह्य आपुर्तिकर्ताबाट नियम अनुसार सेवा लिने छ।
४. संस्थाले बोलपत्रको माध्यमबाट सामान/सेवा खरिद गर्दाको हकमा भने सूचीकृत भएका/नभएका अन्य संस्था र कम्पनीले पनि मांग लिन पाउने गरी कार्य गर्न सक्नेछ।
५. स्वीकृत भएका विक्रेता, कम्पनी, फर्मबाट संस्थाको आवश्यकता अनुसारको सामान खरिद गर्न तथा सेवा प्राप्त गर्न सो काममा कोटेशन घटाघट वा बोलकबोलद्धार भाग लिन अनुरोध गरिने छ।
६. अघिल्ला वर्षहरुमा संस्थामा सूचीकृत सेवा प्रदायकहरुले निवेदन र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि मात्र पेश गर्दा हुनेछ।
७. आपुर्तिकर्ताहरु (फर्म कम्पनी) सूचीकृत गर्ने वा नगर्ने भन्ने सम्बन्धमा सम्पूर्ण अधिकार यस संस्थामा निहित रहनेछ।

**कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**पोखरा वडा नं. १३, कुँडहर, १३ नं. वडा कार्यालय अगाडि**
**फोन नं.: ०६१-५८५७९५, ०६१-५८०५६७, ०६१-५७६९८८, Email : ccsccltd@gmail.com**